खनियाबास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल

खनियाबास गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दार्खा, धादिङ बागमती प्रदेश, नेपाल

प.स.: ०७९/०८०
च.न.:.............

मिति: २०८०/२/०३

**वैदेशिक रोजगारका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्विकृति सम्बन्धि सूचना।**

प्रस्तुत विषयमा श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९/१२/१६ गतेको प्रेस विज्ञप्ति अनुसार वैदेशिक रोजगारलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, भरपर्दो, पारदर्शि तथा सहज बनाउने साथै सेवाग्राहीलाई नजिकको स्थानबाटै सेवा प्रदान गर्ने उद्येश्य अनुरुप स्थानीय तहबाटै वैदेशिक रोजगार सम्बन्धि सुचना सरोकारवालामा पुर्याउने र वैदेशिक रोजगारका लागि व्यक्तिगत श्रम स्वीकृती र पुनः श्रम स्वीकृतीका लागि आवेदन गर्ने कार्य आगामी २०८० जेष्ठ १ गते देखि प्रत्येक स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र मार्फत समेत गर्ने गरि नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री) स्तरिय निर्णय भए बमोजिम यस खनियाबास गाउँपालिका रहेको रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारिका लागि व्यक्तिगत श्रम स्वीकृती र पुनः श्रम स्वीकृतीका लागि आवेदन गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरु**

१. नेपाली राहदानीको सक्कल प्रति
२. भिसाको कागजात
३. करार सम्झौता पत्र
४. स्वास्थ्य परिक्षण प्रमाणपत्र
५. पासपोर्ट साइजको फोटो १ प्रति
६. म्यादी जीवन विमाको कागजात
७. अभिमुखिकरण तालिमको प्रमाणपत्र
८. कल्याणकारी कोषमा रकम तिरेको बैंक खाता भौचर
९. सम्बन्धित व्यक्तिको बैंक खाता विवरण

२०८०/०२/०२

नवराज श्रेष्ठ
नि. प्रमुख प्रशासकीय अधिकृत